विहादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या ०७७/७८

## सेवा करारमा लिने सम्बन्धि सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।०६।१९)

विहादी गाँउपालिका अन्तर्गतका स्वास्थ्य संस्था र कोभड अस्पतालमा रहि कार्य गर्ने गरि देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारीहरु आवश्यक परेको हुँदा खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त फाराम भरि राजश्व तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | सेवा/समुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २/०७७-७८ | मेडिकल अधिकृत/ आठौ तह | स्वास्थ्य / ज. हे. स. | १ | कोभिड-१९ अस्पताल सञ्चालनको लागि |
| २. | ३/०७७-७८ | स्टाफ नर्स/सहायक पाँचौ | स्वास्थ्य/ ज. न. | २ | |
| ३. | ४/०७७-७८ | स्टाफ नर्स/सहायक पाँचौ | स्वास्थ्य/ प. हे. न. | १ | स्वास्थ्य शाखा |
| ४. | ५/०७७-७८ | हेल्थ असिस्टेन्ट/ स. पाँचौं | स्वास्थ्य/ हे. ई | ३ | संघीय दरवन्दि करार |
| ५. | ६/०७७-७८ | अहेव. / सहायक चौँथो | स्वास्थ्य/ हे. ई | ३ | |
| ६. | ७/०७७-७८ | अनमी./ सहायक चौँथो | स्वास्थ्य/ क. न. | ३ | पालिका दरवन्दि |

१. योग्यता

क. नेपाली नागरिक हुनुपर्ने छ ।

ख. न्यूनतम शैक्षिक योग्यता : माथि उल्लेखित पदहरुमा उमेदवार हुन नेपाल सरकारबाट मान्यता प्रप्त शिक्षण संस्था वा विश्वविधालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसुचि ६ बमोजिम सम्बन्धित समुह तथा उप समुहमा रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको र सम्बन्धित व्यासायिक परिषदमा दर्ता तथा नविकरण भएको हुनु पर्नेछ ।

ग. सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।

घ. उमेर हद : अधिकृत स्तरका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र सहायक स्तरको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

ङ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

२. दरखास्त दिने विधि: योग्यता पुगेका ईच्छुक उमेदवारहरूले यस गाउँ कार्यपालिकाको कायालयमा दरखास्त फारम भरेको फाईल पेश गर्नु पर्नेछ । दरखास्त फाईल कार्यालयमा बुझाउन नसक्ने उमेदवारले यस कार्यालयको ईमेल ठेगाना bihadi.ruralmun@gmail.com मार्फत आवश्यक कागजात सहित पेश गर्न सकिने छ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ । दरखास्त फारम यस गाउँपालिकाको वेवसाईट www.bihadimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।दरखास्त दस्तुर यस गाउँपालिकाको प्रभु बैंक विहादी शाखा को राजश्व खाता नं. 1460114984600041 मा दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगदै दाखिला गरेको नगदी रसिद समेत दरखास्त फाराम साथ संलग्न गरि पेश गर्नु पर्नेछ ।

३. दरखास्त दस्तुर: अधिकृत स्तर पदको लागि रू १०००/- र सहायक स्तरको लागि रू ६००/- लाग्नेछ ।

४. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: दरखास्त फाराम भरि फाराममा तोकिएको स्थानमा पासपोर्ट साईजको फोटो ३ प्रति टाँसि उमेदवारको व्यक्तिगत विवरण एस.एल.सी. देखि आवश्यक न्युनतम शैक्षिक योग्यता सम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । ईमेल मार्फत दरखास्त दिने उमेदवारले बैंक भौचर तथा आवश्यक कागजात स्क्यान गरि पठाउनु पर्नेछ।

५. छनौट प्रकृया: विहादी गाउँपालिकाको स्विकृत **"विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७"** अनुरुप हुनेछ।

६. सेवा सुविधा: सम्बन्धित पद ,तहको लागि **विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७"** र गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

७. छोटो सुचि प्रकाशन र अन्तरर्वार्ताको मित अर्को सुचनाद्धारा गाउँपालिकाको वेवसाईटमा प्रकाशन गरिनेछ।

८. थप जानकारीको लागि कार्यालयको मोवाईल नं. ९८५७६५०८७१ र स्वास्थ्य शाखाको मोवाईल नं. ९८६७१०३६९४ मा सम्पर्क गर्न सकिनेछ

प्रमुख प्रशासकीय अधिकृत